जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ।।-कवि पवेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
जि. महोत्तरी हु.द.नं. ४/०८०/८१

सबै क्षेत्रको प्रवर्द्धनको गुरु

www.jaleshwortoday.com

# जलेश्वर टुडे

Jaleshwor Today National Daily

एक कदम अगाडि



विज्ञापनको लागि सम्पर्क
: ९८४४०२७९७१
Whats App No:- ९८२४८७७६२७
Gmail :- Jaleshwortoday@gmail.com



बर्ष १३ • अंक २६२ • २०८३ असार २८ गते आईतवार • 12 Jul. 2026 • पृष्ठ ४ • मुल्य रु.५/-


# जलेश्वर-४ को सुखदेव मुनि पोखरी: संरक्षणको प्रतीक्षामा ओझेल परेको ऐतिहासिक सम्पदा

जलेश्वरटुडे समाचारदाता
महोत्तरी, २७ असार

जलेश्वर नगरपालिका वडा नं. ४ अन्तर्गत रहेको सुखदेव मुनि पोखरी आज संरक्षणको अभावमा आफ्नो ऐतिहासिक, धार्मिक, शैक्षिक र पर्यावरणीय महत्व गुमाउँदै गएको छ। स्थानीयवासीका अनुसार विद्यालयको क्षेत्राधिकारभित्र पर्ने यो पोखरी केवल पानीको स्रोत मात्र होइन, यस क्षेत्रको ऐतिहासिक पहिचान, सांस्कृतिक विरासत र प्राकृतिक सम्पदाको महत्वपूर्ण धरोहर हो । तर यसको वर्तमान अवस्था हेर्दा सम्बन्धित निकायको उदासीनता स्पष्ट देखिन्छ ।

स्थलगत रूपमा देखिने दृश्य निकै दुःखद छ। पोखरीभित्र र वरपर झारपात, पातपतिङ्गर, निर्माण सामग्री, ढुङ्गा, बालुवा, दाउरा, कबाडी सामान, गाईवस्तुको गोबर तथा अन्य फोहोर थुप्रिएको छ । कतिपय स्थानमा मानव मलमूत्रका कारण वातावरण नै प्रदूषित भएको देखिन्छ। यति महत्वपूर्ण सार्वजनिक सम्पदा यसरी उपेक्षित हुनु स्थानीय सरकारको विकास दृष्टिकोणमाथि नै प्रश्न उठाउने विषय बनेको छ । स्थानीयवासीहरूका अनुसार सुखदेव मुनि पोखरीको संरक्षण तथा सौन्दर्यीकरणका लागि विभिन्न समयमा संघ, प्रदेश र स्थानीय तहबाट बजेट विनियोजन हुँदै आएको छ ।

तर स्थलगत अवस्थाले ती बजेटको प्रभावकारितामाथि गम्भीर प्रश्न खडा गरेको छ। सार्वजनिक स्रोतबाट खर्च भएको रकमले वास्तविक रूपमा के उपलब्धि दियो? कुन योजना कार्यान्वयन भयो? त्यसको सार्वजनिक प्रतिवेदन किन देखिँदैन? यी प्रश्नको पारदर्शी उत्तर दिन सम्बन्धित निकाय बाध्य हुनुपर्छ । यो पोखरी विद्यालयको क्षेत्राधिकारभित्र रहेको बताइने भएकाले विद्यालय व्यवस्थापन, जलेश्वर नगरपालिका, वडा कार्यालय तथा सम्बन्धित सरकारी निकायबीच स्पष्ट जिम्मेवारी निर्धारण आवश्यक छ। स्वामित्व




र व्यवस्थापनको अन्योलका कारण सार्वजनिक सम्पदा उपेक्षित हुने अवस्था अब अन्त्य हुनुपर्छ ।

सुखदेव मुनि पोखरीलाई योजनाबद्ध रूपमा विकास गर्ने हो भने यो मधेश प्रदेशकै उत्कृष्ट धार्मिक, सांस्कृतिक, शैक्षिक तथा पर्यटकीय गन्तव्य बन्न सक्छ। पोखरी वरिपरि आकर्षक प्रवेशद्वार, सुरक्षित घेराबार, हरियालीयुक्त पैदलमार्ग, विश्रामस्थल, शीतल छहारी, बस्ने बेञ्च, आधुनिक प्रकाश व्यवस्था, नियमित सरसफाइ, खुला व्यायाम स्थल, योग तथा ध्यान केन्द्र निर्माण गर्न सकिन्छ । विद्यार्थीहरूका लागि वातावरणीय अध्ययनस्थल, ज्येष्ठ नागरिकका लागि सामाजिक भेटघाट स्थल तथा आन्तरिक पर्यटकलाई आकर्षित गर्ने नमुना सार्वजनिक पार्कका रूपमा यसको विकास सम्भव छ । प्राकृतिक सम्पदाको संरक्षण सभ्य समाजको परिचय हो। विकास भनेको सडक र भवन मात्र होइन; सार्वजनिक पोखरी, ताल, वन, खुला क्षेत्र र सांस्कृतिक सम्पदाको संरक्षण पनि विकासको अभिन्न पक्ष हो ।

सुखदेव मुनि पोखरीको वर्तमान अवस्था भने योजनाको अभाव, कमजोर कार्यान्वयन र सार्वजनिक उत्तरदायित्वको कमीको प्रतिविम्ब बनेको छ। अब जलेश्वर नगरपालिका, वडा नं. ४, विद्यालय व्यवस्थापन, प्रदेश सरकार र संघीय सरकारले यस विषयलाई प्राथमिकतामा राख्नुपर्छ । सर्वप्रथम पोखरीको वास्तविक अवस्था, अतिक्रमण तथा विगतमा भएका खर्चको प्राविधिक र आर्थिक समीक्षा गरी सार्वजनिक गर्नुपर्छ । त्यसपछि दीर्घकालीन गुरुयोजना तयार गरी पोखरीको संरक्षण, पुनर्जीवन, सौन्दर्यीकरण र व्यवस्थित सञ्चालनका लागि समयबद्ध कार्ययोजना लागू गर्नुपर्छ । सुखदेव मुनि पोखरी कुनै एक संस्थाको मात्र सम्पत्ति होइन; यो सम्पूर्ण जलेश्वरको साझा गौरव हो। यसको संरक्षण गर्नु वातावरण संरक्षण, सांस्कृतिक पहिचानको रक्षा, भावी पुस्ताप्रतिको दायित्व र सुशासनको परीक्षासमेत हो ।

अब प्रश्न केवल एउटा पोखरीको होइन, सार्वजनिक सम्पदाप्रतिको राज्यको जिम्मेवारीको हो । यदि आजैदेखि संरक्षणको ठोस अभियान सुरु भएन भने भोलिका पुस्ताले इतिहासका पानामा मात्र सुखदेव मुनि पोखरीको नाम पढ्ने अवस्था आउन सक्छ । त्यसैले सम्बन्धित सबै निकायले तत्काल प्रभावकारी पहल गरी यस ऐतिहासिक सम्पदालाई पुनर्जीवित गर्नु आजको अपरिहार्य आवश्यकता हो ।

**लेखक : रामप्रसाद लुईटेल, जिल्ला समन्वय अधिकारी, महोत्तरी**



# मनसुनी वर्षा सुरु भइसके पनि धनुषाका विभिन्न क्षेत्रमा खडेरी

जलेश्वरटुडे समाचारदाता
जनकपुरधाम, २७ असार

मनसुनी वर्षा सुरु भइसके पनि धनुषाका विभिन्न क्षेत्रमा खडेरी र खानेपानीको समस्या देखिएपछि जिल्ला प्रशासन कार्यालय धनुषाले सरकारी अनुदानमा जडान गरिएका भूमिगत पानीका स्रोतबाट चर्को शुल्क असुल नगर्न सम्बन्धित पक्षलाई चेतावनी दिएको छ ।

प्रमुख जिल्ला अधिकारी प्रेमप्रसाद लुइँटेलद्वारा जारी सूचनामा कमला नगरपालिका, सबैला नगरपालिका, शहीदनगर नगरपालिका लगायतका केही स्थानीय तहका वडा तथा बस्तीमा पानीका मुहान सुक्नुका साथै बोरिङबाट समेत पानी नआउँदा खानेपानीको समस्या उत्पन्न भएको उल्लेख गरिएको छ ।

प्रशासनका अनुसार प्रभावित क्षेत्रमा तत्काल पिउने पानीको व्यवस्था मिलाउन सम्बन्धित वडा, स्थानीय तह तथा खानेपानी तथा सरसफाइ डिभिजन कार्यालयसँग समन्वय गरी आवश्यक पहल भइरहेको छ । यसैबीच, विगतमा नेपाल सरकार,




प्रदेश सरकार, स्थानीय तह तथा विभिन्न दातृ निकायको अनुदानमा जडान गरिएका पम्पसेट, बोरिङ, डिप बोरिङ र इनारजस्ता सामुदायिक खानेपानी तथा सिँचाइका स्रोतबाट केही जग्गाधनीले अत्यधिक शुल्क लिएर मात्र पानी उपलब्ध गराउने गरेको गुनासो प्रशासनमा पुगेको जनाएको छ ।

प्रशासनले सरकारी अनुदानमा निर्माण भएका यस्ता संरचनाबाट समुदायले निर्धारण गरेको सर्वसुलभ दरमै पानी तथा सिँचाइ सुविधा उपलब्ध गराउन आग्रह गरेको छ। व्यक्तिगत लाभ वा नाफा कमाउने उद्देश्यले चर्को शुल्क असुलेको पाइएमा प्रचलित कानुनबमोजिम कारबाही गरिने चेतावनी पनि प्रशासनले दिएको छ।

# खैरो हिरोइनसहित एकजना पक्राउ

जलेश्वरटुडे समाचारदाता
महोत्तरी, २७ असार

जिल्ला प्रहरी कार्यालय महोत्तरीका अनुसार शुक्रबार राति करिब ११ बजे इलाका प्रहरी कार्यालय बर्दिवास र लागुऔषध नियन्त्रण ब्युरो शाखा कार्यालय बर्दिवासबाट खटिएको संयुक्त प्रहरी टोलीले बर्दिवास नगरपालिका-१ स्थित पूर्वपश्चिम राजमार्गमा रहेको जिल्ला ट्राफिक प्रहरी कार्यालयको चेकपोस्टमा यात्रुवाहक बसमा सघन जाँच गरेको थियो । राजविराजबाट काठमाडौंतर्फ जाँदै गरेको बा.प्र. ०१-००६ ख ७००२ नम्बरको बसमा सवार पदम ठकुराठीको साथबाट तीन वटा प्लास्टिकले बेरिएको खैरो हिरोइन बरामद भएको प्रहरीले जनाएको छ ।

जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ॥-कवि पवेन्द्र मानश्रेष्ठ
समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक
जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
जि. महोत्तरी हु.द.नं. ४/०८०/८१
सबै क्षेत्रको प्रबर्द्धनको गुरु
www.jaleshwortoday.com
जलेश्वर टुडे
Jaleshwor Today National Daily
एक कदम अगाडि



## सम्पादकीय...................

# महिलाको सुरक्षा र निलो बस

*समाजको स्तर मापन गर्ने अनेक आधार रहेको देखिन्छ । कसैले अर्थतन्त्र हेर्छ, कसैले पूर्वाधार, त कसैले लोकतन्त्र हेर्छ । तर एउटा सरल प्रश्नले पनि समाजको वास्तविक अनुहार देखाइदिन्छन्- के एउटी महिला सार्वजनिक बसमा निर्धक्क यात्रा गर्न सक्छिन् ? यदि यसको उत्तर 'सधैं सक्दिनँ' हो भने समस्या यातायातको होइन, सभ्यताको रहेको देखिन्छ । महिलाका लागि छुट्टै बस सञ्चालन गर्ने निर्णयलाई धेरैले प्रगतिशील कदमका रूपमा व्याख्या रहेको देखिन्छ । तत्कालका लागि यसले केही राहत दिन सक्छ; भिडभाडमा हुने दुर्व्यवहारबाट केही समयका लागि सुरक्षा दिन सक्छ । तर लोकतान्त्रिक समाजमा कुनै पनि नीतिको मूल्यांकन केवल त्यसले दिएको सुविधाले मात्र होइन, त्यसले समाजलाई दिएको सन्देशले पनि गरिनुपर्ने देखिन्छ । छुट्टै बसले एउटा गम्भीर स्वीकारोक्ति गर्छ- हामीले साझा सार्वजनिक स्थानलाई महिलाका लागि सुरक्षित बनाउन सकेनौं ।*

*अर्थात्, राज्यले अपराधीको व्यवहार परिवर्तन गर्नुभन्दा सम्भावित पीडितलाई अलग गर्ने बाटो रोज्यो । यो उपचार हो, रोगको अन्त्य होइन । यो व्यवस्थापन हो, परिवर्तन होइन । तर एउटा अर्को प्रश्न पनि छ, जसबाट हामी भाग्न मिल्दैन । के दिनको ४०-५० मिनेट नीलो बसमा यात्रा गर्दा मात्रै महिलाहरू सुरक्षित हुन्छ त ? यदि समाजका अनेकौं स्थान असुरक्षित छन् भने, केवल केही मिनेटको बस यात्रालाई सुरक्षित बनाएर हामीले महिलाको सुरक्षा सुनिश्चित गरेको दाबी गर्न सक्छौं ? वास्तविक प्रश्न भनेको यही हो ?*

# 'जलवायु न्याय अभियान क्षमता अभिवृद्धि कार्यशाला तथा प्यानल छलफल' सम्पन्न

**जलेश्वरटुडे समाचारदाता**
**धनुषा, २७ असार**




जलवायु परिवर्तनबाट बढ्दो जोखिम र त्यसको प्रभाव न्यूनीकरणमा युवाको भूमिका सशक्त बनाउने उद्देश्यले जनकपुरधाममा 'जलवायु न्याय अभियान क्षमता अभिवृद्धि कार्यशाला तथा प्यानल छलफल' सम्पन्न भएको छ ।


दिगो विकास इन्स्टिच्युटको आयोजना तथा कायापलट र ओरेक नेपालको सहयोगमा जिल्ला समन्वय समिति धनुषाको सभाहलमा आयोजित एकदिने कार्यक्रममा मधेश प्रदेशका आठवटै जिल्लाबाट आएका युवा, सामाजिक अभियन्ता, विद्यार्थी, महिला तथा वातावरण संरक्षणमा सक्रिय व्यक्तिहरूको सहभागिता रहेको थियो । कार्यक्रममा करिब ६० जनाको उपस्थिति रहेको आयोजकले जनाएको छ ।

कार्यक्रमका प्रमुख अतिथि वन तथा वातावरण मन्त्रालय मधेश प्रदेशका उपसचिव बेचन कुमार महतोले मधेश प्रदेशले पछिल्ला वर्षहरूमा अत्यधिक गर्मी, अनियमित वर्षा, बाढी तथा भूमिगत जलस्रोतको तीव्र ह्रासजस्ता जलवायुजन्य समस्याको सामना गरिरहेको बताए । उनले जलवायु संकट अब वातावरणीय चुनौती मात्र नभई सामाजिक तथा आर्थिक न्यायसँग प्रत्यक्ष जोडिएको विषय बनेको उल्लेख गरे ।

उपसचिव महतोले मन्त्रालयले वन तथा वातावरण क्षेत्रमा लैङ्गिक समानता, अपाङ्गतामैत्री तथा सामाजिक समावेशीकरण (न्भ्म्क्ष) सम्बन्धी रणनीति कार्यान्वयनमा ल्याएको जानकारी दिँदै ती नीतिहरू स्थानीय तहसम्म प्रभावकारी रूपमा कार्यान्वयन हुनु आवश्यक रहेको धारणा राखे । कार्यक्रममा कायापलटका कार्यक्रम अधिकृत प्रत्युष ठाकुरले जलवायु परिवर्तन, जलवायु न्याय, जोखिम न्यूनीकरण तथा व्यवस्थापन, मानव अधिकार र युवाको दायित्वबारे प्रस्तुति दिएका थिए । त्यस्तै, कार्यक्रम संयोजक आभाष कर्णले जलवायु न्याय अभियानमा युवाको नेतृत्व र सक्रिय सहभागिताको आवश्यकता औंल्याएका थिए । ओरेक नेपाल मधेश प्रदेशकी संयोजक बिना सिंहले जलवायु परिवर्तनका कारण महिला स्वास्थ्य र जीविकोपार्जनमा परेको असरबारे चर्चा गरिन् । नेपाल पत्रकार महासंघ धनुषाका पूर्वअध्यक्ष मनिका झाले सञ्चारमाध्यम र प्रविधिको प्रयोगमार्फत जलवायु न्यायसम्बन्धी जनचेतना विस्तार गर्नुपर्नेमा जोड दिइन् । कार्यक्रम संयोजक आभाष कर्णले जलवायु परिवर्तनको असर, वातावरण संरक्षण र जलवायु न्यायबारे युवामा नेतृत्व विकास गर्ने उद्देश्यले कार्यशालाको आयोजना गरिएको बताए । उनले जनकपुरधाममा फोहोर व्यवस्थापन, बढ्दो तापक्रम तथा अन्य वातावरणीय समस्याप्रति युवालाई सक्रिय बनाउँदै आगामी दिनमा पनि वातावरण संरक्षणका अभियान सञ्चालन गरिने जानकारी दिए । कार्यक्रम व्यवस्थापनमा धर्मेन्द्र महतो र आयुष कर्णले सहकार्य गरेका थिए । आयोजक दिगो विकास इन्स्टिच्युटले नेपालमा दिगोपन, समानता र जलवायु न्याय प्रवर्द्धन गर्दै युवा नेतृत्व विकास तथा सकारात्मक सामाजिक परिवर्तनका लागि यस्ता कार्यक्रमलाई निरन्तरता दिने जनाएको छ ।

# दुई अभियुक्तलाई पुर्पक्षका लागि कारागार चलान

**जलेश्वरटुडे समाचारदाता**
**सिरहा, २७ असार**




सिरहा जिल्ला अदालतले भारतीय सुटर प्रयोग गरी हत्या तथा गोली प्रहार गराएको आरोप लागेका दुई अभियुक्तलाई पुर्पक्षका लागि कारागार चलान गर्ने आदेश दिएको छ ।

कर्तव्य ज्यान, ज्यान मार्ने उद्योग तथा संगठित अपराधसम्बन्धी छुट्टाछुट्टै मुद्दामा पक्राउ परेका उपेन्द्र यादव र हरी ठाकुर बरहीलाई अदालतले थुनामा राखेर मुद्दाको पुर्पक्ष अघि बढाउन आदेश दिएको हो । जिल्ला प्रहरी कार्यालय सिरहाका सूचना अधिकारी तथा प्रहरी नायव उपरीक्षक रमेशबहादुर पालका अनुसार प्रेमनाथ यादव हत्या प्रकरणका प्रतिवादी उपेन्द्र यादवलाई कर्तव्य ज्यान र संगठित अपराध मुद्दामा तथा श्याम सुन्दर ठाकुरमाथि भएको गोली प्रहार घटनाका प्रतिवादी हरी ठाकुर बरहीलाई ज्यान मार्ने उद्योग र संगठित अपराध मुद्दामा कारागार पठाइएको हो ।

प्रहरीका अनुसार गत पुस १६ गते सिरहा नगरपालिका-७ स्थित मैनावती नदी किनारको बाँसघारीमा ४२ वर्षीय प्रेमनाथ यादवको गोली हानी हत्या गरिएको थियो । घटनाको अनुसन्धानका क्रममा उपेन्द्र यादवले योजनाबद्ध रूपमा भारतबाट सुटर बोलाएर हत्या गराएको तथ्य खुलेको प्रहरीले जनाएको छ । त्यसपछि उनलाई गत वैशाख २७ गते पक्राउ गरी जिल्ला सरकारी वकिल कार्यालयमार्फत अदालतमा पेश गरिएको थियो । अदालतले प्रारम्भिक प्रमाणका आधारमा पुर्पक्षका लागि कारागार चलान गर्ने आदेश दिएको हो । यस्तै, गत माघ ४ गते औरही गाउँपालिका-५ स्थित जितिया मन्दिर परिसरमा श्याम सुन्दर ठाकुरमाथि गोली प्रहार भएको घटनामा पनि भारतीय सुटरको प्रयोग गरिएको प्रहरी अनुसन्धानबाट खुलेको छ ।

उक्त घटनामा संलग्न रहेको आरोपमा पक्राउ परेका हरी ठाकुर बरहीले भारतबाट सुटर मगाएर ठाकुरमाथि गोली प्रहार गराएको प्रहरीको दाबी छ । बरहीलाई पनि गत वैशाख २७ गते सिरहा नगरपालिका-१ स्थित हनुमानचोकबाट पक्राउ गरिएको थियो । उनीविरुद्ध ज्यान मार्ने उद्योग र संगठित अपराध मुद्दा दर्ता गरिएको थियो । जिल्ला अदालत सिरहाले दुवै घटनाका अभियुक्तलाई पुर्पक्षका लागि कारागार चलान गर्ने आदेश दिएको जिल्ला प्रहरी कार्यालय सिरहाले जनाएको छ ।

## तपाईको टुडे

मेष: आम्दानी हुने
वृष: अनावश्यक चिन्ता
मिथून: मित्रतामा फाटो आउने
कर्कट: लामो यात्राको योग छ
सिंह: अनावश्यक खर्चको संभावना
कन्या: खानपानमा समस्या आउने
तुला: विचार गरेर बोल्नुहोला
वृश्चिक: पढाईमा ध्यान दिनुपर्ने
धनु: मनमा पछुतो आउने
मकर: पिछडेको साथी मिल्ने
कूम्भ: अशुभ समाचार प्राप्त हुने
मीन: शुभ कार्यको शुरुवात


## मधेश प्रदेशको गौरव

श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं ।



आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा


## आवश्यक टेलिफोन नम्बरहरु

### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर | 525342 |

## जलेश्वरनाथ मन्दिर पुजाआजा

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | ०५:०० बजे |
| विहान पुजा आरती | ०५:३० बजे |
| विहान ढोका बन्द | १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | ०४:०० बजे |
| सन्ध्या पूजा आरती साँझ | ०६:३० बजे |
| राति ढोका बन्द हुने समय | १२ बजे |

(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

## जानकी मन्दिर पुजाआजा

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | ०५:०० बजे |
| विहान पुजा आरती | ०७:३० बजे |
| विहान ढोका बन्द | १२:०० बजे |
| अन्न क्षेत्र | निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | ०४:०० बजे |
| सन्ध्या पूजा आरती साँझ | ०७:३० बजे |

# ट्रम्पले इरानलाई चेतावनी दिँदै भने - 'मलाई मार्ने प्रयास गरे भने तिनीहरूलाई नष्ट गर्नेछु', होला फेरि वार्ता ?



जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, २७ असार

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले यदि इरानले उनको हत्या गर्ने प्रयास गरेमा अमेरिकाले पहिले कहिल्यै नभएको आक्रमण गर्ने चेतावनी दिएका छन्। ट्रम्पले ट्रुथ सोशलमा लेखेका थिए कि इरानको लागि एक हजार क्षेप्यास्त्रहरू तयार छन्,र आवश्यक परेमा हजारौं थप प्रहार गरिने छ।

ट्रम्पले भने कि यदि इरानले इरानमाथि आक्रमण गऱ्यो भने इरान पूर्ण रूपमा ध्वस्त हुनेछ। उनले दावी गरे कि बदलाको लागि आदेश पहिले नै दिइसकिएको छ, र अमेरिकी सेना पूर्ण रूपमा तयार छ। यसैबीच, इजरायली मिडिया कान न्यूजको रिपोर्ट अनुसार अमेरिकाले इजरायलबाट आफ्ना १२ वटा एफ-२२ स्टिल्थ लडाकु विमानहरू फिर्ता बोलाउन थालेको छ। यी विमानहरू फेब्रुअरीदेखि इजरायलको ओभ्दा एयर बेसमा राखिएको छ।

रिपोर्टमा दावी गरिएको छ कि तिनीहरूलाई इरानविरुद्ध सैन्य अपरेशनको लागि पठाइएको थियो र हालैका आक्रमणहरूमा पनि भाग लिएको थियो। इजरायली मिडिया कान अन एक्सद्वारा पोस्ट गरिएको फुटेजमा एफ-२२ लडाकु विमानहरू इजरायलबाट उडिरहेको देखाइएको छ। यता इरानले भनेको छ कि "यदि इजरायलले आक्रमण गर्छ भने, यो बाँच्नेछैन।" इरानको सर्वोच्च राष्ट्रिय सुरक्षा परिषद्ले भनेको छ कि यदि इजरायलले फेरि यसको महत्त्वपूर्ण अड्डाहरूमा आक्रमण गर्छ भने, यसले कडा प्रतिक्रिया दिनेछ। यसअघि इजरायली प्रधानमन्त्री बेन्जामिन नेतान्याहूले आक्रमणको चेतावनी दिएका थिए।

अमेरिकाले भन्यो, "इरानले हर्मुजलाई नियन्त्रण गर्दैन।" अमेरिकी केन्द्रीय कमाण्ड (सेन्टकम) ले हर्मुजको जलमार्गबाट गुज्रने जहाजहरू माथि नियन्त्रण रहेको इरानको दाबीलाई अस्वीकार गऱ्यो। सेन्टकमले भन्यो कि अहिलेसम्म ८०० भन्दा बढी व्यापारिक जहाजहरू र ३८ करोड ब्यारेल कच्चा तेल होर्मुजको जलडमरूमा पार गरिसकेको छ।

यता कतारले दुवै देशहरूलाई सम्झौता पालना गर्न र वार्ता जारी राख्न आग्रह गरेको छ। यसले हर्मुजको राजमार्गमा सुरक्षित ढुवानी कायम राख्नुपर्ने आवश्यकतामा पनि जोड दिएको छ। रुसले बेलायत, फ्रान्स र जर्मनीले अमेरिका र इजरायललाई समर्थन गरेको बताएको छ। संयुक्त राष्ट्र सुरक्षा परिषद्को आपतकालीन बैठकमा रुसका प्रतिनिधिले बेलायत, फ्रान्स र जर्मनीले इरानी नागरिक पूर्वाधारमा अमेरिका र इजरायली आक्रमणलाई समर्थन गरेको आरोप लगाए। के अमेरिका-इरान वार्ता पुनः शुरू होला ? हालैका आक्रमणहरूपछि अमेरिका र इरान बीचको तनाव निश्चित रूपमा बढेको छ। तर वार्ताका ढोकाहरू पूर्ण रूपमा बन्द भएका छैनन्।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले दुई देशहरू बीचको सम्झौताको म्याद सकिएको बताएका हुन सक्छन्, तर अमेरिकी अधिकारीहरूले शान्ति वार्ता जारी रहने बताएका छन्। दुई देशहरूले अझै आधिकारिक रूपमा वार्ताको अन्त्यको घोषणा गरेका छैनन्। अमेरिकाले प्राविधिक-स्तरको वार्ताले स्थायी शान्ति सम्झौतामा पुऱ्याउने कुरा कायम राखेको दाबी गरेको छ। यद्यपि, अर्को बैठकको लागि कुनै मिति तय गरिएको छैन र कहाँ। त्यसकारण, वर्तमान परिस्थितिले तनाव र संवाद एकैसाथ जारी रहेको संकेत गर्छ।

# भोटर आईडी कार्ड विवादमा अभिनेता प्रकाश राजलाई अदालतबाट राहत

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, २७ असार



चर्चित अभिनेता प्रकाश राजलाई एकभन्दा बढी भोटर आईडी कार्ड राखेको मामलामा अदालतबाट राहत मिलेको छ।

अभिनेतामाथि एउटा वा दुईटा मात्र नभएर चारवटा भोटर आईडी कार्ड राखेको आरोप लागेको थियो। यसै सिलसिलामा बेंगलोरको ४८औं एसीजेएम अदालतले शुक्रबार उनलाई जमानत दिएको हो। अदालतले जमानतका लागि एउटा शर्त राख्दै अभिनेतालाई ४ हजार रुपैयाँ नगद जमानत राशि जम्मा गर्न आदेश दिएको छ। यसअघि अदालतले उनको विरुद्धमा गैर-जमानती वारेन्ट जारी गरिदिएको थियो। वारेन्ट जारी भए लगतै उनका वकिलले अदालतमा उक्त वारेन्ट फिर्ता लिनका लागि निवेदन दिएका थिए। प्रकाश राज शुक्रबार आफैँ अदालतमा उपस्थित भएपछि न्यायाधीशले पुरानो वारेन्ट रद्द गरिदिए। जमानतको शर्त पुरा गरेपछि उनले बेल पाएका हुन्।

सामाजिक तथा राजनीतिक मुद्दाहरूमा आफ्नो खुला विचार राख्ने प्रकाश राजको विवादहरूसँग पुरानो सम्बन्ध रहँदै आएको छ। उनी एक अब्बल अभिनेता, निर्देशक, निर्माता र टिभी होस्ट हुन्। उनले विभिन्न भाषाहरूका फिल्ममा अभिनय गरेका छन्। रंगमञ्चबाट अभिनय यात्रा सुरु गरेर टिभीमा काम गरेका उनले सन् १९९४ को तमिल फिल्म 'डुएट' बाट वास्तविक पहिचान पाएका थिए। यो फिल्म उनको हृदयको नजिक रहेकाले उनले आफ्नो प्रोडक्सन कम्पनीको नाम नै 'डुएट मुभिज' राखेका थिए। उनी फिल्म क्षेत्रमा आफ्नो उत्कृष्ट अभिनयका कारण ५ पटक नेशनल अवार्ड जित्न सफल भइसकेका छन्।

सुरुवाती दिनमा खलनायकको भूमिकाबाट पहिचान बनाएका प्रकाश राज अचेल उत्कृष्ट क्यारेक्टर रोलहरूमा छाउने गर्छन्।

# मगही भाषामा अनुवाद गरिएको मगही विवाह संस्कार आउ गीत संग्रह के पुस्तक भारतको पटनामा विमोचन

जलेश्वरटुडे समाचारदाता
धनुषा, २६ असार



विश्व प्रसिद्ध किताबहरुको सिरिजमा पवित्र ग्रन्थ मानिएको मगही भाषामा अनुवाद गरिएको मगही विवाह संस्कार आउ गीत संग्रह के पुस्तक भारतको पटनामा विमोचन गरिएको छ। मगही भाषामा अनुवाद गरीएको पुस्तक विमोचन भएको हो। लेखक तथा मगही भाषाका संयोजक भुवनेश्वर महतो कोईरीले तराई मधेशमा बसोवास गर्ने मधेशी आदीवासी जनजाति, दलित, उच्चवर्ग र पिछडावर्गमा पर्ने जातीजातीहरु समेत मातृभाषाको रुपमा प्रयोग गरि रहेको मगही भाषामा अनुवाद गरिएको मगही विवाह संस्कार आउ गीत संग्रह हुनु मगही भाषा-भाषीको लागि ठुलो उपलब्धी भएको बताउँदै आ-आफ्नो भाषा संस्कृति संरक्षणमा लाग्नु पर्ने बताए। मगही भाषाका संयोजकले भने नेपालको संविधानमा नै सबै जातजातिका भाषालाई राष्ट्रिय भाषा भएको उल्लेख गर्दै मगही विवाह संस्कार आउ गीत संग्रह मगही भाषामा अनुवाद हुनु भनेको स्थानीय भाषाको उत्थान भएको बताए।

उहाँले भनुभयो विभिन्न स्थानीय भाषामा पठनपाठन हुने गरी पाठ्यक्रम हुँदा पनि मगही भाषालाई पनि पाठ्यक्रममा प्राथमिकता दिन सँग र प्रदेश, स्थानीय सरकार सँग जोड दार मांग गरिएका छन्। मुख्य अतिथि प्रो. गिरीश कुमार चौधरीले नेपालमा बोलीने भाषाहरु मध्ये मगही पनि एक भाषा भएको र मगही भाषामा मगही विवाह संस्कार आउ गीत संग्रह के पुस्तक अनुवाद हुनु मगही भाषा-भाषीको लागि उपलब्धी भएको बताए। मगही भाषाभाषीलाई पुस्तक अध्ययन गर्न सजिलो हुने र अध्ययन गरेपछि जीवनमा परिवर्तन हुने। विवाह संस्कार आ गीत संग्रह मगही भाषामा अनुवादन एवंम सम्पादन लोक कला प्रदर्शनी लेखकः भुवनेश्वर महतो कोइरी गीत गाइन :- शकुन्तला देवी महतो/आशा महतो ले गरेका हुन।

विमोचन कार्यक्रमका प्रमुख अतिथीमा . गिरीश कुमार चौधरी, माननीय अध्यक्ष, बिहार राज्य विश्वविद्यालय सेवा आयोग, पटना, अतिविशिष्ठ अतिथि- प्रो. उपेन्द्र प्रसाद सिंह, मा. कुलपति पाटलिपुत्र विश्वविद्यालय, पटना, विशिष्ट अतिथि- डॉ. अनिल सुलभ, अध्यक्ष, बिहार हिन्दी साहित्य सम्मेलन, पटना प्रो. मीरा कुमारी, प्रधानाचार्य, जे.डी. वूमेन कॉलेज, पटना अध्यक्षता- प्रो. उपेन्द्र नाथ वर्मा, पूर्व सदस्य, वि.रा.वि.वि. सेवा आयोग, पटना ( ग) पुरस्कृत एवं सम्मानित साहित्यकार कार्यक्रमको उद्घाटन - श्री जितन राम माझी, माननीय केन्द्रीय मन्त्री, सूक्ष्म, साना तथा मझौला उद्यम विभाग, भारत सरकार द्वारा गरिएको हो।

उद्घाटनकर्ता - श्री जीतन राम मांझी, माननीय केन्द्रीय मंत्री, सुक्ष्म, लघु एवं मध्यम विभाग, भारत सरकार मुख्य अतिथि- प्रो. गिरीश कुमार चौधरी, माननीय अध्यक्ष, बिहार राज्य विश्वविद्यालय सेवा आयोग, पटना अतिविशिष्ठ अतिथि- प्रो. उपेन्द्र प्रसाद सिंह, मा. कुलपति पाटलिपुत्र विश्वविद्यालय, पटना विशिष्ट अतिथि- डा. अनिल सुलभ, अध्यक्ष, बिहार हिन्दी साहित्य सम्मेलन, पटना , प्रो. मीरा कुमारी, प्रिन्सिपल, जे.डी. महिला कलेज, पटना अध्यक्षता- प्रो. उपेन्द्र नाथ वर्मा, पूर्व सदस्य, वि.रा.वि.वि. सेवा आयोग, पटना (ग) पुरस्कृत एवं सम्मानित साहित्यकार १. श्री विपीन बिहारी, खिजरसराय, गया (हिन्दी)- पुरस्कृत २. श्री बैजू सिंह, कुर्था, अरवल (मगही)- पुरस्कृत ३. श्री जय प्रकाश महतो, नेपाल (मगही) सम्मानित (घ) पुस्तक लोकार्पण 'अंतर्मन का प्रतिबम्ब' रचनाकार- प्रो. उपेन्द्र नाथ वर्मा यो कार्यक्रम भारत को पटनामा पाटलीपुत्र विश्वविद्यालय, पटनाको संयुक्त आयोजनामा रुभएको मगही महोत्सव तथा डा. राम प्रसाद सिंह अन्तर्राष्ट्रिय साहित्यिक पुरस्कार समारोह-२०२६ मा मगही भाषा विभिन्न लेखक तथा संगितकार , पत्रकार जनप्रतिनिधि लगाईत बुद्धिजीवी , समाजसेवी , युवा शिक्षक , विद्यार्थी , कर्मचारी आँमनागरिकहरु उपस्थिति रहेको थियो। यो कार्यक्रम व्यतापूर्वक सम्पन्न भएको हो।

# निष्क्रिय बैंक खाता घटाउन निर्देशन



जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, २७ असार

नेपाल राष्ट्र बैंक अन्तर्गतको बैंक तथा वित्तीय संस्था नियमन विभागले बैंक तथा वित्तीय संस्थालाई आफूसँग रहेका निष्क्रिय खातालाई न्यून गर्ने सम्बन्धमा कार्ययोजना बनाएर २०८३ पुस मसान्तसम्ममा लागू गर्नुपर्ने निर्देशन दिएको छ।


राष्ट्र बैंकले इजाजतपत्र प्राप्त 'क' वर्गका वाणिज्य बैंक, 'ख' वर्गका विकास बैंक र 'ग' वर्गका फाइनान्स कम्पनीहरुलाई शुक्रबार जारी गरिएको एकीकृत निर्देशन, २०८२ मा संशोधन तथा परिमार्जन गरेर निष्क्रिय खाता न्यूनीकरण गर्नेतर्फ आवश्यक काम अघि बढाउन निर्देशन दिएको हो। राष्ट्रबैंकले इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थामा रहेका सक्रिय खाता निष्क्रिय हुनुपूर्व फोन, एसएमएस र इमेल लगायतका माध्यमबाट ग्राहकलाई नियमित रूपमा जानकारी गराउने व्यवस्था गर्न पनि निर्देशन दिएको छ। त्यस्तैगरी इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाले निष्क्रिय खाता सक्रिय गराउनको लागि कम्तीमा छ महिना अवधिको अन्तरालमा फोन, एसएमएस र इमेललगायतका माध्यमबाट पनि सम्बन्धित ग्राहकलाई अनुरोध गरेर सोको अभिलेखसमेत राख्नुपर्ने व्यवस्था गरिएको छ।

इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थामा रहेका खाताहरू सम्बन्धित संस्थाको नेपालभरका जुनसुकै शाखा कार्यालय वा मोबाइल वा वेब एप्लिकेसनमार्फत समेत ग्राहकले सहज रूपमा बन्द गर्नसक्ने व्यवस्था गर्नुपर्ने राष्ट्र बैंकद्वारा जारी एकीकृत निर्देशिकमा उल्लेख गरिएको छ।

राष्ट्रबैंकले ग्राहकको उपस्थित भई वा मोबाइल वा वेब एप्लिकेसनमाफत ग्राहकले खाता बन्द गर्न अनुरोध गरेको खण्डमा उक्त खातामा रहेको मौज्दात निजले अनुरोध गरेको अन्य बैंक तथा वित्तीय सस्थामा रहेको निजको खातामा रकमान्तर गरी खाता बन्द गरिदिनुपर्ने उल्लेख गरिएको छ।

राष्ट्रबैंकले इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थाको नेपालभरका जुनसुकै शाखा कार्यालयबाट समेत ग्राहक पहिचान गरी सहजरुपमा खाता पुनः सक्रिय गर्नसक्ने व्यवस्था गर्न पनि स्पष्ट निर्देशन दिएको छ। राष्ट्रबैंकले इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थामा रहेका निष्कृय भई पुनः सञ्चालन भएका खातामा हुने अस्वभाविक कारोबारको निगरानी गर्ने प्रणालीको विकास गर्न पनि बैंक तथा वित्तीय संस्थालाई अनुरोध गरेको छ।

# विदेश जानुपर्ने बाध्यता जनसाङ्ख्यिक लाभांशको क्षय




-जनसाङ्ख्यिक बनावटको हिसाबले नेपाल अहिले यस्तो विन्दुमा छ जहाँ अवसर र क्षय एकैपटक प्रकट भएका छन् । काम गर्ने उमेरको जनसङ्ख्या इतिहासकै उच्च विन्दुमा पुगेका बेला युवा पलायन पनि उत्कर्षमा छ । काम गर्ने उमेरको जनसङ्ख्याको बाहुल्यता अवसरको घेरो हो तर रोजगारी र गुणस्तरीय शिक्षाको अभावमा विदेश जानुपर्ने बाध्यता जनसाङ्ख्यिक लाभांशको क्षय हो । त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थलको प्रस्थान कक्षमा बिहानैदेखि लाइन लाग्छ। काँधमा नयाँ झोला, हातमा पासपोर्ट र अनुहारमा अनिश्चयको छाया बोकेका अधिकांश यात्रु २० देखि ३५ वर्ष उमेरका युवा हुन् । वैदेशिक रोजगार विभागका अनुसार आर्थिक वर्ष २०८१/८२ मा मात्र आठ लाख ३९ हजार २६६ जनाले वैदेशिक रोजगारका लागि श्रमस्वीकृति लिए ।

औसतमा दिनैपिच्छे करिब दुई हजार तीनसय युवा अर्थात् हरेक मिनेटजसो एकभन्दा बढी विदेशिने गरेमा छन्। ठीक यहीबेला मुलुक आफ्नो इतिहासकै सबैभन्दा अनुकूल जनसाङ्ख्यिक अवस्थामा छ भन्ने तथ्य बहसको केन्द्रमा पर्न सकेको छैन । जनसङ्ख्याशास्त्रीहरूले 'सुनौलो झ्याल' भन्ने गरेको यो जनसाङ्ख्यिक अवसर सधैंका लागि खुला रहँदैन। नेपालका निम्ति प्रश्न यतिमात्र हो कि यो झ्याल बन्द हुनुअघि लाभ उठाउन सक्छौं कि सक्दैनौं ? आधा शताब्दीको सङ्क्रमणः जनसाङ्ख्यिक सङ्क्रमण भनेको उच्च जन्मदर र उच्च मृत्युदरबाट न्यून जन्मदर र न्यून मृत्युदरतर्फको यात्रा हो । युरोपले दुई सय वर्ष लगाएर पार गरेको यो यात्रा नेपालले करिब पाँच दशकमै पूरा गरेको छ। नेपाल जनसाङ्ख्यिक तथा स्वास्थ्य सर्वेक्षणका शृङ्खलाबद्ध तथ्याङ्क हेर्दा सन् १९९६ मा प्रतिमहिला ४.६ रहेको कुल प्रजनन् दर सन् २०२२ मा आइपुग्दा २.१ मा झरेको छ, जुन प्रतिस्थापन तह हो। अर्थात् अबका नेपाली आमाहरूले औसतमा जति बच्चा जन्माउँछन्, त्यसले जनसङ्ख्यालाई बढाउँदैन, मात्र प्रतिस्थापन गर्छ । गण्डकी प्रदेशको प्रजनन् दर १.४ मा झरिसकेको छ भने बागमतीको १.६ छ जुन विकसित युरोपेली मुलुकहरूकै हाराहारीमा पुगेको पाइन्छ । मृत्युका सूचकहरूमा सुधार अझ उल्लेखनीय छ । सन् १९९६ मा प्रतिहजार जीवित जन्ममा ७८ रहेको शिशु मृत्युदर २०२२ सम्ममा २८ मा झरेको छ भने स्वास्थ्य क्षेत्रमा आएको प्रगतिले पाँच वर्षमुनिको बाल मृत्युदर ११८ बाट ३३ मा पुगेको छ। यसको सोझो अर्थ हो कम बच्चा जन्मन्छन् र अधिकांश जन्मेका बच्चा बाँच्छन्, हुर्कन्छन् र श्रमशक्तिमा प्रवेश गर्छन् । जन्म र मृत्युदरमा आएको गिरावटका पछाडि केही महत्वपूर्ण सामाजिक परिवर्तनका आधार छन् ।

परिवार नियोजनका साधनको प्रयोग विवाहित महिलामा ५७ प्रतिशत पुगेको छ। छोरीहरूको विद्यालय भर्ना छोराहरूकै हाराहारीमा छ र महिलाको औसत विवाह उमेर क्रमशः ढिला हुँदै गएको छ। उच्च शिक्षा र आयआर्जनमा संलग्न महिलाले सानो परिवार रोज्ने विश्वव्यापी प्रवृत्तिसँग नेपाल पनि सँगसँगै उस्तै गतिमा हिँडिरहेको छ । सन् २००२ मा गर्भपतनलाई कानूनी मान्यता दिइएपछि प्रजनन् स्वास्थ्य सेवामा पहुँच फराकिलो भएको छ र वैदेशिक रोजगारका कारण दम्पती वर्षौं अलग बस्नुपर्ने बाध्यताले जन्मदर घट्नुमा महत्वपूर्ण भूमिका खेलेको तथ्यहरूले स्पष्ट पार्छन् ।

समग्रतामा स्वास्थ्य सेवामा पहुँच र महिला सशक्तीकरण नै जन्म र मृत्युदर न्यूनीकरणका मुख्य कारणको रुपमा लिइन्छ।मुलुकको कुल जनसङ्ख्या दुई करोड ९१ लाख ६४ हजार ५७८ पुगे पनि वार्षिक वृद्धिदर ०.९२ प्रतिशतमा खुम्चिएको छ, जुन विगत ८० वर्षयताकै न्यून हो। रामेछाप लगायत ३४ ओटा जिल्लाको जनसङ्ख्या त ऋणात्मक दरले घटिरहेको छ । जनसङ्ख्याको उमेर-संरचना युवामुखीबाट क्रमशः प्रौढमुखी हुँदै गइरहेको छ र यही परिवर्तनका बीचमा छ नेपालको ऐतिहासिक अवसर । इतिहासकै अनुकूल उमेर-संरचनाः राष्ट्रिय जनगणना २०७८ का अनुसार, कुल जनसङ्ख्याको ६२ प्रतिशत १५ देखि ५९ वर्षका काम गर्ने उमेर समूह जनसङ्ख्या छ । जुन २०६८ सालमा ५७ प्रतिशत मात्र थियो । बालबालिका २७.८ प्रतिशत र वृद्धवृद्धा १०.२ प्रतिशत छन् ।

यसको अर्थ, इतिहासमै पहिलोपटक कमाउने उमेरका मानिस आश्रितभन्दा उल्लेख्य रूपमा बढी छन् । जनसङ्ख्या अध्ययनमा यसैलाई जनसाङ्ख्यिक लाभांश (डेमोग्राफिक डिभिडेन्ड) भनिन्छ । यो लाभांशले अर्थतन्त्रलाई चार प्रमुख माध्यमबाट विकाश गर्न सकिन्छ । पहिलो, श्रमशक्तिको प्रचुर आपूर्तिले उत्पादन र सेवा क्षेत्र विस्तार हुन्छ । दोस्रो, आश्रित जनसङ्ख्या कम हुँदा परिवार र राष्ट्रकै बचत दर बढ्छ, जसले पूँजी निर्माणलाई टेवा दिन्छ । तेस्रो, थोरै बालबालिकामा प्रतिव्यक्ति शिक्षा-स्वास्थ्य लगानी बढाउन सकिन्छ, जसले अर्को पुस्ताको उत्पादकत्व वढाउछ । र चौथो, कमाउने जनसङ्ख्याले आन्तरिक बजार, उद्यमशीलता र नवप्रवर्तनलाई गति दिन्छ । दस वर्षअघि सयजना काम गर्ने उमेरका नेपालीले करिब ७६ जना आश्रित जनसङ्ख्या पाल्नुपर्थ्यो आज त्यो भार घटेर ५३ जनाको हाराहारीमा झरेको छ । घट्दो आश्रित अनुपातको यही अन्तर नै त्यो 'बोनस' हो, जसलाई सही नीतिले पूँजीमा बदल्न सकिन्छ । जनसाङ्ख्यिक लाभांश स्वचालित होइन र ठीक ढङ्गले व्यवस्थापन गर्न सकिएन भने यो एउटा चेतावनी पनि हो । अनुकूल उमेर-संरचना केवल सम्भावना हो र त्यसलाई प्रतिफलमा बदल्न ती हातहरूलाई सीप, ती सीपलाई रोजगारी र ती रोजगारीलाई उत्पादकत्वसँग जोड्नैपर्छ । बेरोजगार युवाको भीड लाभांश होइन, बरु जोखिम हो जसले अर्थतन्त्र होइन, असन्तोष मात्र बढाउँछ । यो कुनै सैद्धान्तिक बहस होइन । दक्षिण कोरिया, ताइवान र सिंगापुरले सन् १९७० र ८० को दशकमा ठीक यस्तै उमेर-संरचना पाएका थिए र त्यसलाई गुणस्तरीय शिक्षा, औद्योगिकीकरण र रोजगारी सिर्जनासँग जोडेर 'दक्षिण-पूर्वी एसियाली चमत्कार' रचेका थिए । अर्थशास्त्रीहरूका अनुसार ती मुलुकको तीव्र आर्थिक वृद्धिको झन्डै एक तिहाइ हिस्सा जनसाङ्ख्यिक लाभांशकै देन थियो । नेपालसँग आज त्यही सामथ्र्य छ । फरक यत्ति हो कोरियाले आफ्ना युवालाई कारखाना र प्रयोगशालामा खटायो, हामी विमानस्थलबाट बिदाई गरिरहेका छौं । जेट चढेर विदेशतिर जनसाङ्ख्यिक लाभांशः नेपालको जनसाङ्ख्यिक सार्मथ्यको सबैभन्दा ठूलो विडम्बना यहीं छ । जुन उमेर समूहका कारण मुलुक अवसरको शिखरमा हुनु पर्ने हो, त्यही उमेर समूह मुलुकभित्र छैन । जनगणना २०७८ का अनुसार २१ लाख ९० हजार ५९२ नेपालीहरू परिवारमा अनुपस्थित भई अक्सर विदेशमा बसोबास गर्छन् । कुल जनसङ्ख्याको साढे सात प्रतिशत हाराहारी अनुपस्थितको सङ्ख्या रहेको छ । यीमध्ये ८२.२ प्रतिशत पुरुष छन् र अधिकांश उत्पादनशील उमेरका छन् । हरेक साढे चार परिवारमध्ये एक परिवारको कोही न कोही सदस्य विदेशमा छन् । अन्तर्राष्ट्रिय बसाँइसराइको प्रवाह रोकिने छाँट छैन, बरु बढिरहेको छ ।

वैदेशिक रोजगार विभागका अनुसार आर्थिक वर्ष २०८१/८२ मा पाँच लाख पाँच हजार ९५७ जनाले नयाँ र तीन लाख ३३ हजार ३०९ जनाले पुनः श्रम स्वीकृति लिएका थिए भने विगत पाँच वर्षमै ३५ लाखभन्दा बढीले श्रम स्वीकृति लिइसकेका छन् । गन्तव्यमा युएई, साउदी अरब, कतार, कुवेत र मलेसिया अग्रस्थानमा छन् । यो सँगै शैक्षिक उन्नयनका नाममा अस्ट्रेलिया, जापान, क्यानडा र युरोपतर्फ बाहिरिने विद्यार्थीको लर्को छुट्टै छ । यसमध्ये ठूलो हिस्सा फर्कने सम्भावना कम छ । उता विदेसिने महिलाको सङ्ख्या पनि एक दशकमा ७१ प्रतिशतले बढेको जनगणनाले देखाउँछ। अर्थ मन्त्रालयको आर्थिक सर्वेक्षण २०८२/८३ का अनुसार चालु आवको फागुनसम्म नयाँ श्रम स्वीकृति लिनेको सङ्ख्या १३.७ प्रतिशतले घटेको छ, तर पुनःस्वीकृति लिनेको सङ्ख्या भने १५.९ प्रतिशतले बढेको छ । यसको अर्थ आप्रवासनको प्रवाह रोकिएको होइन बरु एकपटक गएकाहरू फर्केर स्वदेशमा बस्ने वातावरण पाइरहेका छैनन् । फेरि उतै फर्किरहेका छन् । वैदेशिक रोजगार अब आपत्कालीन विकल्प रहेन, पुस्तान्तरित जीवन पद्धति बन्दै छ । यसको आर्थिक प्रतिफल भने अङ्कमा चम्किलो देखिन्छ ।

नेपाल राष्ट्र बैंकका अनुसार आव २०८१/८२ मा रु १७ खर्ब २३ अर्ब विप्रेषण भित्रियो, जुन कुल गार्हस्थ्य उत्पादनको २८.६ प्रतिशत हो र हालसम्मकै उच्च अनुपात मानिन्छ । चालु आवको १० महिनामै रु १९ खर्ब नाघिसकेको यो आर्थिक प्रवाहले नेपाललाई विप्रेषण-जीडीपी अनुपातमा विश्वकै अग्रणी १० देशमा उभ्याएको छ ।

विप्रेषणले गरिबी घटाएको, विदेशी मुद्रा सञ्चिति बलियो बनाएको र लाखौं घरपरिवारको भान्सा चलाएको यथार्थलाई नकार्न सकिँदैन तर विप्रेषण भनेको युवा श्रमको निर्यातवापत् प्राप्त मूल्य हो । हामीले मेसिन बेचेका छैनौं, मान्छे पठाएका छौं । खाडीको घाममा पसिना बगाएर आएको त्यो रकमको ठूलो हिस्सा उपभोग र आयातमै सकिन्छ । उत्पादनशील लगानीमा रूपान्तरण हुँदैन । अर्थतन्त्रले उत्पादन गर्न होइन, उपभोग गर्न सिकाइरहेको छ । देशमै उपयोग गर्न नसकिएको शक्तिः युवा किन विदेश जान्छन् भन्ने प्रश्नको उत्तर सजिलो छ । यहाँ काम छैन, भए पनि मर्यादित छैन। श्रम बजारमा हरेक वर्ष लाखौं युवा थपिन्छन्, तर तिनलाई खपत गर्ने गरी औपचारिक रोजगारी सिर्जना हुन सकेको छैन। जनगणना २०७८ कै तथ्याङ्कले १० वर्षमाथिका ३७.५ प्रतिशत नेपालीले गणनाअघिको एक वर्षमा कुनै आर्थिक काम नगरेको देखाउँछ । जसले काम पाएका छन्, तिनको ठूलो हिस्सा न्यून उत्पादकत्वको अनौपचारिक क्षेत्रमा अल्झिएको छ ।

समस्या रोजगारीको सङ्ख्यामा मात्र होइन, गुणस्तर र तालमेलमा पनि छ । विश्वविद्यालयले वर्षेनि हजारौं स्नातक उत्पादन गर्छ, तर श्रम बजारले खोजेको सीप ती प्रमाणपत्रमा हुँदैन। कृषि आधुनिकीकरण हुन सकेको छैन र औद्योगिक क्षेत्रको योगदान खुम्चिँदो छ। दक्ष जनशक्ति जस्तै चिकित्सक, नर्स, इन्जिनीयर, सूचना प्रविधिविज्ञको पलायनले त सेवा प्रवाह र नवप्रवर्तन क्षमतामै नराम्रोसँग असर पुर्याएको छ । गाउँघरमा यसको सामाजिक पक्ष अझ कारुणिक छ जस्तैः बाँझा गरा, बूढाबूढी र बालबालिका मात्र भएका बस्ती, वर्षौं पर्खाइमा बित्ने दाम्पत्य र बाकसमा फर्किने छोराछोरीहरू । पलायनको मूल्य पैसाले नाप्न नसकिने गरि पनि तिरिँदैछ। वैदेशिक रोजगारीका क्रममा ज्यान गुमाउने र अङ्गभङ्ग हुने कामदारका तथ्याङ्क हरेक वर्ष वैदेशिक रोजगार बोर्डका प्रतिवेदनमा थपिँदै जान्छन् ।

एकल अभिभावकत्वको भारले किचिएका आमाहरू, बाबुको अनुहार तस्बिरमा मात्र चिन्ने बालबालिका र सामाजिक बिग्रहका अनेक रूप यी विप्रेषणको अङ्कमा कहीं लेखिँदैनन् । जुन गाउँका युवा खाडी गए, त्यही गाउँका पाखा बाँझा भए, खाद्यान्नमा आत्मनिर्भर जिल्लाहरू चामल किन्ने भए। श्रमशक्तिको यो रिक्तताले कृषिको उत्पादन लागत बढाएको छ र त्यसले फेरि आयातलाई नै मलजल गरेको छ । अर्थशास्त्रमा यसलाई 'डच रोग' को लक्षणसँग तुलना गरिन्छ । बाहिरबाट आउने सजिलो पैसाले भित्रको उत्पादन क्षमतालाई निमोठ्दै लैजाने अवस्था देखिन्छ ।

*सांभार : हाम्राकुरा ।*

## लिक्विडेटर कार्यालयको हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७८।०५।०१ मा प्रा.लि.नं.२६८४७५ मा दर्ता भएको **सेठ सिटी सेन्टर (प्रा.लि.)** को मिति २०८३।०३।२३ मा सम्पन्न विशेष साधारण सभाको विशेष निर्णयले कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजि लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित गरिएको मितिले ३५ दिन भित्रमा निम्न लिखित लिक्वीडेटरको कार्यालयहरुमा हकदावी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्विडेटर** : अर्जुन कोईराला (ईजाजत पत्र नं.१७१)

फोन नं.: ९८४११४१६१७

"पत्र-पत्रिकाहरूको कम्प्युटर सेटिङ्ग गर्नका लागि हामीलाई सम्झनुहोस ।"



सम्पर्क -: दिलीप कुमार साह :-

मो.नं.-९८४४०५१४८७ (जनकपुरधाम)

एकचोटी सेवाको मौका अवश्य दिनुहोला

प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : जय दुर्गा अफसेट प्रेस, जनकपुरधाम

प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम-४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७

Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday